संघीय संसद

राष्ट्रिय सभा

# दिगो विकास तथा सुशासन समिति

मिति : २०७५/०८/२१

बैठक संख्या : ९

## निर्णय

माननीय सदस्यहरु, आजको बैठकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवज्यूबाट स्थानीय तहमा रहेका न्यायिक समितिहरु, तिनीहरुको कानूनी संरचना, क्षेत्राधिकार, क्षमता अभिवृद्धि तथा न्यायिक समितिको लागि आवश्यक बजेटको व्यवस्था, यस सम्वन्धमा आगामी दिनमा मन्त्रालयले गरेको तयारी, मन्त्रालयको सोच लगायतका विषयमा समिति समक्ष जानकारी गराउनु भए पश्चात समितिमा यस विषयमा छलफल भयो । छलफल पश्चात् स्थानीय न्यायिक समितिलाई अझ प्रभावकारी, कामयावी बनाउनका लागि स्थानीय न्यायिक समितिलाई क्षमता अभिवृद्धि गर्न आवश्यक देखिएकोले फोकल मन्त्रालयको रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेको हुँदा कानून अधिकृत लगायतका आवश्यक दरवन्दी, आवश्यक बजेट र आधारभूत तालिम समेतको व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

दिगो विकास तथा सुशासन समिति